annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २४, अंक २४६, पृष्ठ ८ | काठमाडौं, बुधबार ३० पुस २०८२ | माघ कृष्णपक्ष एकादशी, नेपाल संवत् ११४६ | WEDNESDAY, JANUARY 14, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०


कभर स्टोरी

# विभाजनको डर, नेतृत्वकै भर

नेपाली कांग्रेसलाई एकढिक्का बनाउने अन्तिम कसरत भइरहेको बताइए पनि ठोस आकार देखिएको छैन । विशेष महाधिवेशन पक्षधरले राखेको सभापति शेरबहादुर देउवाले नेतृत्व त्याग्नुपर्ने सहितका प्रस्ताव मंगलबार मध्यरातसम्म अलपत्र छन् । विशेष महाधिवेशनको स्वामित्व लिने, एमालेसँग चुनावी गठबन्धन नगर्ने, उम्मेदवारीमा कार्यवाहक सभापतिको हस्ताक्षर गर्नेलगायतका विषयमा संस्थापन पक्षले लचकता देखाएको बताइएको छ । तर, प्रस्तावका धेरै हिस्सा सभापति देउवामै ठोक्किन्छन् । केही गरी बुधबार यी प्रस्तावका मिलनविन्दु नभेटिए संस्थापनले गर्न सक्ने कारबाही र विशेष महाधिवेशन पक्षधरले अघि बढाउने चुनावी प्रक्रियाले परिणाम विभाजनको बाटो नै हुनेछ ।

**राधा खनाल** | *काठमाडौं*

समाचार पृष्ठ २




## सच्यायो प्रदेशले जिल्लाको मनोमानी



**काठमाडौं** (अन्नपूर्ण) : नेकपा एमालेका कतिपय जिल्लाले मनोमानी रूपमा उम्मेदवारको नाम सिफारिस गरेकाले विवाद सिर्जना भएको छ। कतिपय क्षेत्रको विवाद प्रदेश कमिटीले सच्याएका छ भने कतिपयमा विवाद थपेको छ। दोलखा, गुल्मीलगायत जिल्लाले सर्वसम्मत भनेर गरिएको सिफारिसमा ठूलै विवाद भएको थियो। कुनै-कुनै जिल्लामा निर्वाचन क्षेत्र समन्वय कमिटी र जिल्ला कमिटीले एकल नामभन्दै आफू निकटको व्यक्तिको नाम मात्रै सिफारिस गरेका थिए।

दोलखाबाट केन्द्रीय सदस्य पार्वत गुरुङले एकल रूपमा आफ्नो मात्रै नाम सिफारिस गरेको भन्दै विवाद चुलिएको थियो। अन्य आकांक्षी हुँदाहुँदै गुरुङको नाम जबरजस्ती सिफारिस गरिएको भन्दै जिल्ला उपसचिव हरिप्रसाद ओली, सचिवालय सदस्य गणेश शिवाकोटी, लेखा कमिटी अध्यक्ष ईश्वरीप्रसाद दाहालसहितले सामूहिक राजीनामा दिएका थिए।

२०७९ सालको निर्वाचनका प्रत्याशी बालकृष्ण शिवाकोटीसहितका आकांक्षी थिए। गुरुङको दबाबमा जिल्ला अध्यक्ष नरबहादुर श्रेष्ठले जबरजस्ती एकल नाम सिफारिस गरेको भन्दै आलोचना भएपछि प्रदेशले सबैको नाम मगाएको हो। बागमती प्रदेश कमिटीले जिल्लाको एकल सिफारिसलाई सच्याएको छ। गुरुङ, शिवाकोटीसहित रचना खड्का, डबल पाण्डे र श्याम बस्नेतको नाम थप गरेर सिफारिस गरिएको छ।

### गुल्मी २ मा अझै विवाद

उम्मेदवार सिफारिसको विषयलाई लिएर गुल्मी-२ मा विवाद कायम नै छ। निर्वाचन क्षेत्र समन्वय कमिटीले पार्टी उपाध्यक्ष गोकर्ण विष्टको मात्रै नाम सिफारिस गरेको थियो। क्षेत्रीय कमिटीबाट एकल सिफारिस भएपछि विवाद सिर्जना भयो र जिल्ला कमिटीले उपाध्यक्ष विष्टका साथै रामकुमारी झाँक्री र राजेन्द्र अर्याललगायतको नाम सिफारिस गरेको छ।

बाँकी पृष्ठ ६

कांग्रेस संकटको अर्थ

## चुनाव मिति सर्ने कि टर्ने ?

**कमलदेव भट्टराई** | *काठमाडौं*

विश्लेषण

नेपाली कांग्रेसमा यतिबेला शक्ति संघर्षको रस्साकस्सी छ। विशेष महाधिवेशनकै सन्दर्भमा अन्तिममा कुनै नाटकीय सहमति भएन भने पार्टी विभाजन पनि हुनसक्छ। एकता वा विभाजन जे भए पनि यसले नेपालको राजनीतिमा भने दीर्घकालीन असर गर्ने छ। विशेष महाधिवेशनको प्रभाव कांग्रेसभित्र मात्र होइन, अन्य राजनीतिक दलहरूमा समेत देखिन थालिसकेको छ।

जेन-जी आन्दोलनपछि नेपाली समाजमा पुरानो पुस्ता भर्सेज नयाँ पुस्ताको बहस निकै भयो। राजनीतिक दलभित्र मात्र होइन्, राज्यका निकायहरूमा समेत अब पुरानो पुस्ताले छाड्नुपर्ने र नयाँले जिम्मेवारी लिनुपर्ने भाष्य निर्माण भइरहेको छ। एक प्रकारले भन्ने हो भने राजनीतिक र वैचारिक नभई पुस्ताको आधारमा द्वन्द्व सुरु भइसकेको छ। कांग्रेसको महाधिवेशनले त्यसलाई अझ गति दिनसक्छ। अब कांग्रेसमा नयाँ पुस्ता आयो, अब अन्त पनि आउनुपर्ने भन्ने बहसको बढोत्तरी हुनसक्छ।

यदि भदौ २३ र २४ को घट्ना नभएको भए कांग्रेसभित्र यस खालको विद्रोहको सम्भावना तत्काल हुने थिएन किनभने पार्टी संरचनामा संस्थापन पक्षको प्रभुत्व थियो। हुन पनि तल्लो तहका महाधिवेशन प्रतिनिधिले साथ दिएकै कारण यो सफल भएको छ, केन्द्रमा संस्थापन पक्षकै दबदबा र बहुमत छ।

विशेष महाधिवेशनको बाछिटा अरू दलमा समेत स्वभावत परेको छ। नेकपा एमालेका केही युवा नेताले गगन थापा र उनको समूहले लिएको पहलको प्रशंसा गरिरहेका छन् भने अघिल्लो पुस्ताका नेतामा यसले संशय बढाएको छ। एमालेका नेता योगेश भट्टराईले सामाजिक सञ्जालमा लेखेका छन्- हामी बोल्यौं, केही गर्‍यौं, तपाईंहरूले बोल्नुभयो हामीभन्दा धेरै गर्नुभयो, सलाम मित्रहरू।

तर, एमालेका महासचिव शंकर पोखरेलले भने गगन थापाले हामी कसैको दास होइनौं, हामीकहाँ कोही बा छैनन् भनी दिएको टिप्पणीलाई लक्षित गर्दै भनेका छन्, 'यसरी पनि सोच्न सकिन्छ। भूराजनीतिक स्वार्थका सामु लम्पसार पर्नु दासता हो। त्यसका विरुद्ध आवाज उठाउनु स्वाभिमान हो... ।' जेन-जी आन्दोलनपछि एमालेमा पनि ओलीलाई हटाएर नयाँ नेतृत्व ल्याउने पहल भएकै थियो तर, महाधिवेशनबाट ओली नै पुनः निर्वाचित भएका छन् र तत्कालका लागि यो विषय टरेको छ।

बाँकी पृष्ठ ६

## भारतमा ९ नेपाली श्रमिकको मृत्यु



**सल्यानको सिद्धकुमाख गाउँपालिकामा रहेको मृतक विकको घर र घरमा भेला भएका आफन्त र छिमेकी ।** ● गोपाल शर्मा भट्टराई

**गोपाल शर्मा भट्टराई** | *दाङ*

खाना पकाउने ग्यास सिलिन्डर विस्फोट हुँदा सल्यानका एकै गाउँका ९ जनाको ज्यान गएको छ। उनीहरू रोजगारीका लागि भारतमा रहेका थिए। भारतको हिमाचल प्रदेश सोलान जिल्लाको अर्की भन्ने ठाउँमा आइतबार राति १ बजे ग्यास सिलिन्डर विस्फोट भएर आगलागी हुँदा सल्यानको सिद्धकुमाख गाउँपालिका-२ टाकुराका दुई परिवारका ९ जनाको मृत्यु भएको हो। सिद्धकुमाख गाउँपालिका-२ टाकुराका एउटै गाउँका दुई विपन्न परिवारका ९ सदस्यको सुतिरहेको अवस्थामा ग्यास सिलिन्डर विस्फोटले गर्दा निकै दर्दनाक मृत्यु भएको स्थानीय प्रशासनले जनाएको छ।

बाँकी पृष्ठ ६

# झापा ५ मा राजनीतिक तातो

**पार्थ मण्डल** | *झापा*



सधैं चुनावी चर्चामा हुने झापाको क्षेत्र नम्बर ५ मा यसपटक फरक बहस चलिरहेको छ। बिहानदेखि बेलुकासम्म हुने चर्चाका पात्र बनेका छन् काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह (बालेन)।

अब हुने चुनावमा उनी नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली ६ पटक निर्वाचित भइसकेका यो क्षेत्रमा प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दिने चर्चाले राजनीतिक सरगर्मी बढाएको छ। २०४८ सालदेखि २०७९ सालसम्म भएको प्रतिनिधिसभा निर्वाचनसम्म आइपुग्दा एक पटक (२०६४ सालको पहिलो संविधानसभा निर्वाचन) मा मात्र पराजित भएका एमाले अध्यक्ष ओलीको लालकिल्ला हो यो क्षेत्र। बालेनले अबको संसदीय क्षेत्रको रोजाइ पनि यही क्षेत्रलाई बनाउने सम्भावना देखाएपछि फरक बहस सुरु भएको हो।

बालेनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट उम्मेदवारी दिने सम्भावना बढेको उनी निकट नेताहरू बताउँछन्। त्यसो हुँदा यो चुनाव केवल प्रतिस्पर्धा मात्र हुने छैन, प्रतिष्ठा र विद्रोहको लडाइँसमेत हुनेछ।

यद्यपि बालेनले काठमाडौं महानगरको प्रमुख पदबाट राजीनामा नदिएको र औपचारिक रूपमा झापा-५ बाट उम्मेदवार बन्ने घोषणाचाहिँ गरिसकेका छैनन्। रास्वपाका झापा अध्यक्ष प्रकाश पाठकले भने काठमाडौंका मेयर बालेन झापा ५ बाटै उम्मेदवार बन्ने पक्का भइसकेको दाबी गरे।

मेयर बालेन माघ ५ गते पुर्ख्यौली घर महोत्तरी आउने छन्। त्यसदिन त्यहाँ चुनावीसभा सम्बोधन गर्दै झापाका लागि प्रस्थान गर्ने छन्।

बालेन टोली माघ ३/४ गते नै झापा आइपुग्ने छ। माघ ६ गते उम्मेदवारी मनोनयन दर्ताका दिन बालेन झापाको दमकमा आएर उम्मेदवारी दर्ता गराउने कार्यक्रम रहेको अध्यक्ष पाठकको दाबी छ। अहिले त्यसकै तयारीका लागि पार्टीका नेता तथा कार्यकर्तासँग लगातार छलफल भइरहेको उनले जनाए।

ओलीविरुद्ध नै चुनाव लड्छु भन्ने अडानबाट बालेन नहट्ने जनाउँदै उनले थपे, 'उहाँको चाहना पनि चुनावै लड्नुपर्‍यो भने के अरूसँग लड्ने, ओलीसँगै लड्ने हो भनेर भन्नुभएको छ।' बालेनले झापा-५ को वस्तुस्थितिलाई अध्ययन गरेर नै चुनावमा उठ्न खोजेका उनले बताए।

२०६२/०६३ को आन्दोलनपछि देशमा गणतन्त्र स्थापना भयो। त्यसपछि माओवादी सशस्त्रद्वन्द्व छाडेर शान्ति सम्झौतामा आयो। २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा ओली नेकपा (माओवादी)का विश्वदिप लिङ्देनसँग पराजित भएका थिए।




२०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा एमाले अध्यक्ष ओली छैटौंपटक यस क्षेत्रबाट निर्वाचित भएका थिए। उनले ५२ हजार ३ सय १९ मत ल्याउँदा उनको निकटतम प्रतिद्वन्द्वी कांग्रेसका खगेन्द्र पाण्डव अधिकारीले २७ हजार ७ सय ४३ मत ल्याएका थिए। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सुरेशकुमार पोखरेलले ११ हजार ७ सय ५९ मत ल्याएर तेस्रो दल भएका थिए। त्यसबेला एमालेले राप्रपासँग चुनावी तालमेल गरेको थियो। २०७९ सालको निर्वाचनमा यस क्षेत्रमा १ लाख ५४ हजार २ सय ८९ मतदाता रहेका थिए।

यस पटक मतदाता संख्या बढेर १ लाख ६३ हजार ३ सय ७९ पुगेको छ। अघिल्लो पटकको निर्वाचनभन्दा यसपटक ९ हजार ९० जना नयाँ मतदाता थपिएका छन्। झापा ५ मा दमक नगरपालिका, कमल गाउँपालिका, गौरादह नगरपालिकाको वडा १-८ र गौरीगन्ज गाउँपालिकाको ३-६ वडा समेटिएको छ।

नेकपा (एमाले) झापाका अध्यक्ष प्रेम गिरी भन्छन्, 'बालेनजी झापा मात्र नभई जहाँ गएर पनि चुनाव लड्न पाउनुहुन्छ, यसलाई हामीले सरल र सामान्य रूपमा लिएका छौं। यस भूमिमा एक जना पर्यटकीय उम्मेदवार आगमन भएको रूपमा मात्र हामी बुझ्नेछौं।